# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७७।११।०२ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुरमा कार्यरत नायब सुब्बा मन्दिप कुमार श्रेष्ठ र लेखापढी व्यवसायसमेतको काम गर्ने रमेशलाल श्रेष्ठले सेवाग्राहीको जग्गा हालसाविकको क्रममा ट्रायल चेक गर्दा नक्सा अनुसार क्षेत्रफल बढी भएको भनी सो मिलाउनको लागि अतिरिक्त रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिई गएको टोलीले निजहरु मन्दिप कुमार श्रेष्ठ र रमेशलाल श्रेष्ठलाई सेवाग्राहीबाट रु. ४०,०००।– (चालीस हजार रुपैयाँ) अतिरिक्त रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिएको थियो ।

अनुसन्धानको सिलसिलामा भूमिसुधार तथा मालपोत कार्यालय, लगनखेल, ललितपुरका नायब सुब्बा मन्दिप कुमार श्रेष्ठले सेवाग्राहीको जग्गा हालसाविकको क्रममा ट्रायल चेक गर्दा क्षेत्रफल बढ भएको भनी उक्त जग्गाको हालसाविकका लागि रु. ४०,०००।— र ब्ल्याक लेबल ह्विस्की १ (एक) बोतल माग गरी आफूले नबुझी आफूसमेतले लिने खाने उद्देश्यले उक्त रकम लेखापढी काम गर्ने भनिएका रमेशलाल श्रेष्ठलाई बुझ्न लगाएको स-प्रमाण पुष्टि भएको हुँदा निज मन्दिप कुमार श्रेष्ठले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) अनुसारको कसुर भएकोले निजलाई बिगो रु ४७,८५० (सङ्चालीस हजार आठसय पचास रुपैयाँ) कायम गरी निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन मागदाबी लिइएको छ ।

साथै, रमेशलाल श्रेष्ठले भूमिसुधार तथा मालपोत कार्यालय लगनखेल, ललितपुरका नायब सुब्बा मन्दिप कुमार श्रेष्ठसँग मिलेमतो गरी आफूसमेतको लागि लिने खाने उद्देश्यले निज मन्दिप कुमार श्रेष्ठले भनेबमोजिम सेवाग्राहीको जग्गा हालसाविक गर्ने कामको लागि घुस/रिसवत रकम रु. ४०,०००।— माग गरी बुझिलिएको पुष्टि भएको हुँदा निज रमेशलाल श्रेष्ठले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) अनुसारको कसुर भएकोले निज रमेशलाल श्रेष्ठलाई बिगो रु. ४०,०००।— (चालीस हजार रुपैयाँ) कामय गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नारायण प्रसाद रिसाल